# सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

सम्पर्क नं.:९८५७८२४२५३
info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com


प.सं.(Letter No.):२०८२/०८३
च.नं.(Ref. No.): १९

**विषयः स्तरवृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

**(प्रकाशन मितिः २०८२/०४/०६ गते)**

कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २६ र सोको नियमावली परिच्छेद ६ को नियम २९ मा आवश्यक योग्यता पुगेका कर्मचारीहरुको स्तरवृद्धि गर्न सकिने र त्यसका लागि सम्बन्धित स्थानीय तहले ७ (सात) दिनको सूचना प्रकाशनसहितको आवश्यक कार्यविधि पुरा गरी स्तरवृद्धि गर्नुपर्ने व्यवस्थाबमोजिम उक्त ऐन र नियमावलीमा उल्लेख भएबमोजिम योग्यता पुगेका यस सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका निकायहरुमा कार्यरत इच्छुक कर्मचारीहरुले कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूचि-१८ बमोजिमको फाराम भरी तपसिलका कागजातहरुसहित २०८२ श्रावण १३ गते कार्यालय समयभित्र स्तरवृद्धिको लागि आवेदन पेश गर्न सकिने जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. स्तरवृद्धि हुने तहभन्दा एक तहमुनिको पदमा ५ वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात (सुरु नियुक्ति पत्र/बढुवा नियुक्ति पत्र/समायोजन पत्र/ पदस्थापन भएको प्रमाणित प्रतिलिपि) ।
२. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम।
३. न्युनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२०८२/०४/०६

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत